INNOVATIVE RESEARCH JOURNAL Vol.:2, Issue:2, 2023

**Link:** https://doi.org/10.3126/irj.v2i2.56260

# बहुस्वरूपात्मक र आलोचनात्मक सङ्कथन विश्लेषण

**डा. केशव भुसाल**

*keshabbhusal.tu@gmail.com*

**नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग**

**त्रि. वि. कीर्तिपुर**

**लेखसार**

*प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञानको एक महत्वपूर्ण क्षेत्र सङ्कथन विश्लेषणअन्तर्गत पर्ने बहुस्वरूपात्मक सङ्कथन विश्लेषण र आलोचनात्मक सङ्कथन विश्लेषणमा आधारित रहेको छ । यसअन्तर्गत बहुस्वरूपात्मक सङ्कथन विश्लेषण र आलोचनात्मक सङ्कथन विश्लेषणको प्रकृति, यीअन्तर्गतका विविध सैद्धान्तिक सन्दर्भहरूको अध्ययन गरिएको छ । यस लेखमा पाश्चात्य भाषावैज्ञानिकहरूद्वारा प्रस्तुत बहुस्वरूपात्मक र आलोचनात्मक सङ्कथन विश्लेषणसम्बन्धी सैद्धान्तिक अवधारणाहरूको सूक्ष्म समीक्षण गरिएको छ । जसका आधारमा बहुस्वरूपात्मक सङ्कथनमा कथ्य र लेख्य भाषाका अतिरिक्त त्यसअन्तर्गत समाविष्ट हुने हाउभाउ, चित्र वा तस्बिरको प्रयोग आदिको पनि अध्ययन गरिने तथा आलोचनात्मक सङ्कथन विश्लेषणमा सामाजिक, सांस्कृतिक वा राजनैतिक सन्दर्भमा व्यक्त सङ्कथनमा निहित शक्ति र त्यसको प्रभाव विवेचन गरिने निकालिएको छ । प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान विधिको अवलम्बन गरिएको छ । यस अध्ययनबाट बहुस्वरूपात्मक तथा आलोचनात्मक सङ्कथनको प्रकृति र तिनको प्रयोग-व्यवहारबारे जानकारी प्राप्त गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।*

**प्रमुख शब्दावली** : *सङ्कथन, कथ्य सङ्कथन, लेख्य सङ्कथन, बहुस्वरूपात्मक सङ्कथन, आलोचनात्मक सङ्कथन ।*

## अध्ययनको परिचय

सङ्कथन कुनै खास विषय सन्दर्भमा प्रयुक्त भाषिक अभिव्यक्ति हो । परम्परागत व्याकरणमा वाक्यलाई भाषाको सबभन्दा ठूलो एकाइ मानिए पनि आधुनिक भाषाविज्ञानले सङ्कथनलाई भाषाको ठूलो एकाइका रूपमा, सन्दर्भपूर्ण भाषिक प्रयोगका रूपमा र वास्तविक भाषा प्रयोगका रूपमा चर्चा गरेको पाइन्छ । नुनन (सन् १९९३ : ५) का अनुसार सङ्कथन कुनै खास विषय क्षेत्रसँग सम्बन्धित पृथक्-पृथक् वाक्यमा अन्तर्भूत आशयको भाषिक विस्तार वा फैलाउ हो । यो कथ्य-लेख्य र साङ्केतिक रूपमा व्यक्त हुन्छ । आकृतिका दृष्टिले यो भाषाको लघु रूप (सूक्ति, सन्देशमूलक उक्ति आदि) देखि लिएर वृहत् रूप ( उपन्यास, महाकाव्य आदि) सम्म विस्तारित हुन्छ । कुक (सन् १९९६ : ७) का अनुसार सङ्कथन एक वा एकभन्दा बढी सुसंरचित व्याकरणिक वाक्यहरूबाट निर्मित हुन्छ । यसले व्याकरणका नियमलाई साधन वा माध्यमका रूपमा व्याख्या गर्छ । यसरी सङ्कथनले विषय वा सन्दर्भकेन्द्रित भाषिक प्रयोगको आवश्यकीय व्यवहारलाई दर्साउँदछ ।

सङ्कथन वा पाठको प्ररूप एवम् स्वरूपका सन्दर्भमा कथ्य सङ्कथन र लेख्य सङ्कथन गरी दुई प्ररूप हुने परम्परागत अवधारणा पाइन्छ । पछि यसको दायरा विस्तार भई साङ्केतिक सङ्कथनलाई पनि सङ्कथनको प्रकारका रूपमा स्वीकार गरिएको देखिन्छ । त्यसो त समयको क्रमसँगै सङ्कथनका प्रकारलाई सामान्य र विशिष्ट प्रकारका रूपमा उल्लेख गरिएको पाइन्छ । यीमध्ये सामान्य प्रकारअन्तर्गत कथ्य, लेख्य र साङ्केतिक सङ्कथन, विनिमयात्मक र अविनिमयात्मक सङ्कथन, औपचारिक र

अनौपचारिक सङ्कथन, कार्यव्यापारात्मक र अन्तर्वैयक्तिक सङ्कथन तथा विशिष्ट प्रकारअन्तर्गत साहित्यिक, कानुनी, धार्मिक, चिकित्साशास्त्रीय, साञ्चारिक, व्यापारिक सङ्कथन तथा यातायात, अनुसन्धान, शिक्षा, विज्ञान, राजनीति आदिमा आधारित सङ्कथनहरू पर्दछन् । वर्तमान सन्दर्भमा सङ्कथनलाई उल्लिखित भेद तथा स्वरूपभन्दा भिन्न रूपमा साङ्कथनिक स्वरूप र प्रभावपरक दृष्टिकोणबाट बहुस्वरूपात्मक सङ्कथन तथा आलोचनात्मक सङ्कथनका रूपमा व्याख्या विवेचन गर्न थालिएको छ । प्रस्तुत लेखमा यिनै दुई भेदको चर्चा गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस लेखमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी सामग्रीहरूको अध्ययन विश्लेषण गरिएको छ । यस लेखको तयारीका क्रममा द्वितीयक स्रोतबाट सामग्रीहरूको संकलन गरिएको छ । यस क्रममा आर. एच. जोन्स, एम. ए. के. हालिडे र रुकैया हसन, जे. पी. गी, भान डिक र ए. टिउन, एस. सि. लेभिन्सन, जे. कटिङ लगायतका पाश्चात्य भाषावैज्ञानिकहरूका सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरी बहुस्वरूपात्मक तथा आलोचनात्मक सङ्कथन विश्लेषणसम्बन्धी अवधारणाको व्याख्या गरिएको छ ।

### बहुस्वरूपात्मक सङ्कथन विश्लेषण

भाषिक सञ्चारका क्रममा कथ्य-लेख्य स्वरूपका अतिरिक्त प्रयोग-व्यवहार गरिने बहुप्ररूपात्मक ढाँचा/तरिका वा व्यवहारसहितको समग्रतालाई बहुस्वरूपात्मक सङ्कथन र त्यसको विश्लेषणलाई बहुस्वरूपात्मक सङ्कथन विश्लेषण भनिन्छ । जोन्स (मि. न.) का अनुसार “बहुस्वरूपात्मक सङ्कथन विश्लेषणले सञ्चारका अन्य साधनलाई प्रत्यक्षतः जोड दिन्छ । यसले सङ्कथनमा बहुस्वरूप संलग्न हुने कुरा दर्साउँदछ, जसले परस्परमा कार्य गर्दछन् । उदाहरणार्थ, प्रत्यक्ष कुराकानीमा मानिसले मौखिक भाषामा मात्र सञ्चार गर्दैनन् । लेख्य सङ्कथन पनि सम्प्रति शब्दमा मात्र बिरलै रहन्छ” (पृ. ३६) । यसबाट कथ्य र लेख्य सङ्कथन प्ररूपमा कथ्य र लेख्य अभिव्यक्तिको मात्र अनुप्रयोग हुँदैन भन्ने बुझिन्छ । वस्तुतः कथ्य सङ्कथनमा मौखिक उच्चारका अलावा विभिन्न हाउभाउ, अविचल हेराइ, मुखमुद्रा, भावभङ्गी आदिको प्रयोग हुन्छ भने लेख्य सङ्कथनमा लेख्य भाषाका साथ तस्बिर, तालिका, ग्राफ आदिको समुचित प्रयोग हुन्छ । उसो त कथ्य सङ्कथनमा लगाव, पहिरन, पारस्परिक स्थान (निकट वा दुर) आदिले लेख्य सङ्कथनमा लेख्य ढाँचाकाँचा, संरचना, अनुच्छेद मिलान आदिले प्रभाव पारेको हुन्छ । कथ्य र लेख्य सङ्कथनमा व्यवहृत हुने यी सबै प्रकृतिको समस्त संयोजनको अध्ययन बहुस्वरूपात्मक सङ्कथन विश्लेषणअन्तर्गत गरिन्छ । सुरुसुरुमा कथ्य सङ्कथनअन्तर्गत विशुद्ध कथ्य अभिव्यक्ति र लेख्य सङ्कथनअन्तर्गत विशुद्ध लेख्य पाठलाई मात्र सङ्कथनका रूपमा लिइन्थ्यो । सम्प्रति यससम्बन्धी धारणा विस्तृत हुँदै गएको पाइन्छ । साथै यिनको बहुस्वरूपात्मक ढाँचाका बारेमा पनि अध्ययन विश्लेषण हुन थालेको देखिन्छ ।

बहुस्वरूपात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा दुई किसिमका दृष्टिकोणहरू देखापरेका छन् : कथ्य सङ्कथन विश्लेषणसम्बद्ध दृष्टिकोण र लेख्य सङ्कथन विश्लेषणसम्बद्ध दृष्टिकोण । जोन्स (मि. न.) ले “बहुस्वरूपात्मक सङ्कथन विश्लेषणलाई दुई भागमा विभक्त गर्न सकिने धारणा प्रस्तुत गरेका छन् । पहिलो : जसले पाठमा जोड दिन्छ । जस्तैः पुस्तक, वेबपेज, कलाकृति आदि । दोस्रो : जसले सामाजिक अन्तर्क्रियामा जोड दिन्छ (कहिलेकाही यसलाई बहुस्वरूपात्मक अन्तर्क्रिया विश्लेषण पनि भनिन्छ)” (पृ. ३७) । वस्तुतः बहुस्वरूपात्मक पाठको धारणा भाषावैज्ञानिक एम. ए. के हालिडेद्वारा विकसित धारणा हो । यसबारे उनको कार्यमूलक व्याकरण (फङ्सनल ग्रामर) मा चर्चा गरिएको पाइन्छ । उनले व्याकरणलाई अर्थ निर्माणका लागि स्रोतहरूको प्रणालीका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार बहुस्वरूपात्मक सङ्कथन विश्लेषणले, तस्बिर, सङ्गीत, वास्तुकलालाई पनि व्याकरणिक पक्षका रूपमा लिन्छ अर्थात् तिनमा निहित व्याकरणिक पक्षको पनि विवेचन गर्दछ । मूलतः विभिन्न अर्थको अनुभूतिका लागि

व्याकरणिक अवयवहरू सञ्जालका रूपमा सङ्गठित हुन्छन् । यस विचारको प्रयोग भएको निकै चर्चित पुस्तक 'रिडिङ् इमेज : द ग्रामर अफ भिजुअल डिजाइन हो र यसको प्रकाशन सन् १९९६ मा गन्दर क्रिस एन्ड दिओ भान लियुअनले गरेका हुन् । गी (सन् २०११) का अनुसार “पाठमा शब्द र चित्रको संयोजन हुनुलाई बहुस्वरूपात्मक पाठ भनिन्छ” (पृ. १९४) । उनका अनुसार पाठमा विभिन्न ढाँचाको संयोजन हुन्छ । जस्तै : भाषा, तस्बिर, सङ्गीत (म्यूजिक भिडियो, भिडियो गेम) । प्राज्ञिक/शैक्षिक पाठमा पनि सम्प्रति भाषासँगै व्यापक रूपमा तस्बिरहरू (चित्र, ग्राफ, वृत्तचित्र) समावेश गरिएको पाइन्छ । उनका अनुसार तस्बिर र बहुस्वरूपात्मक पाठको अध्ययनका लागि विभिन्न प्रश्नहरू (अवस्थित अर्थ, सामाजिक भाषा, सांसारिक आकृति, अन्तर्पाठात्मकता, सङ्कथन आदि) प्रयोग गर्न सकिन्छ । तस्बिरको अध्ययन विश्लेषणका क्रममा त्यसका तत्वहरू, विभिन्न आर्थी एकाइ र अन्तर्भूत व्याकरण (विभिन्न नियम) को समेत विश्लेषण गर्नुपर्दछ । तस्बिरले नभनिएको वा व्यक्त नगरिएको अर्थसमेत द्योतन गर्ने हुँदा तस्बिर प्रयोगको सन्दर्भका आधारमा प्रस्तुत आशय वा अर्थको बोध गरी विवेचन गर्नुपर्ने हुन्छ । यस क्रममा सन्दर्भगत ज्ञान, सांस्कृतिक ज्ञान, पूर्व अनुभव आदिको उपयोग अपेक्षित हुन्छ ।

बहुस्वरूपात्मक सङ्कथनको दोस्रो धारणा कथ्य सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेको छ । विशेषतः यसको सम्बन्ध कुराकानी विश्लेषण, अन्तर्क्रियात्मक समाजभाषविज्ञान र बोलीको जातित्वसँग रहेको छ । जोन्स (पूर्ववत्) का अनुसार “सम्प्रति गरिएको बहुस्वरूपात्मक अन्तर्क्रिया विश्लेषक पनि सङ्कथन विश्लेषणबाट प्रभावित भएका छन् । बहुस्वरूपात्मक सङ्कथन विश्लेषकहरूले बहुस्वरूपपात्मक अन्तर्क्रिया विश्लेषणका क्रममा खासगरी क्रमिकता र समकालिकता (तत्वहरूले एउटै समयमा एकअर्कालाई कसरी प्रभाव पार्दछन्) मा ध्यान दिन्छन्” (पृ. ३७) । बहुस्वरूपात्मक सङ्कथन विश्लेषणको कोणबाट कथ्य सङ्कथनको अध्ययन विश्लेषण गर्दा कुराकानीमा अशाब्दिक व्यवहारको ढाँचा, पालो ग्रहण, अविचल हेराइ, अभाषिक व्यवहारबाट प्रभावित अभिव्यक्तिको अर्थ, अनुहारको आकृति आदिको समेत विश्लेषण गरिन्छ । यसबाट के अवधेय हुन्छ भने बहुस्वरूपात्मक अन्तर्क्रिया प्रायः बहुकार्यकलाप अध्ययनमा आधारित हुन्छ । यसले मानिसहरूले कुराकानीका समकालिक कार्यकलापहरूलाई व्यवस्थित गर्न कसरी विभिन्न साञ्चारिक तरिकाको प्रयोग गर्छन् र अरूमा आफ्नो कुरा सञ्चार गर्छन् भन्ने कुराको परीक्षण गर्दछ ।

वर्तमान समयमा सञ्चारको नयाँ स्वरूपका रूपमा निश्चित समय र स्थानभित्र सञ्चारको मिश्रित तरिका अपनाउने कुरा विकसित हुँदै गएको पाइन्छ । बिहानीपख खाना खाने क्रममा साथीसँग कुनै विषयमा कुराकानीको सुरुवात गर्नु, दिउँसो पाठ सन्देश (टेक्स्ट म्यासेज) बाट कुराकानीलाई निरन्तरता दिनु, साँझ फोन, च्याटिङ, वा म्यासेजबाट उही विषयका बारेमा कुरालाई निरन्तरता दिनु र अर्को दिन बिहान पनि चिया/कफीका साथ पुनः त्यही कुराकानीलाई दोहोऱ्याउनुले कुराकानी विभिन्न सञ्चार माध्यम र तरिकामार्फत् हुने जनाउँदछ । यसप्रकार बहुस्वरूपात्मक सङ्कथन विश्लेषणले सङ्कथनिक प्रवाहको बहुबिध तरिका , ढङ्गढाँचा र प्रयोगसमेतको अध्ययन-अन्वेषणलाई दर्साउँदछ ।

**आलोचनात्मक सङ्कथन विश्लेषण**

आलोचनात्मक सङ्कथन विश्लेषण सङ्कथन विश्लेषणको त्यो प्ररूप हो जसले सङ्कथनको सामाजिक-राजनैतिक व्याख्या विवेचन गर्दछ । यसमा समाजमा रहेको शक्ति सम्बन्धबाट सङ्कथन प्रभावित हुने मान्यताका साथ समाजमा शक्ति सम्बन्ध निर्माण र निर्वाह गर्न गरिने भाषिक प्रयोगको समीक्षण गरिन्छ । डिक (सन् १९८२) का अनुसार “आलोचनात्मक सङ्कथन विश्लेषणले मूलतः सामाजिक र राजनैतिक सन्दर्भमा कुराकानी वा पाठद्वारा गरिने सामाजिक शक्तिको दुरूपयोग प्रभुत्व र असमानताको अध्ययन गर्दछ” (पृ. ३५२) । यस दृष्टिकोणअनुसार सङ्कथन समाजको शक्ति र आदर्श वा विचारबाट प्रभावित हुन्छ भने समाज सङ्कथनको संरचना र विषयबाट प्रभावित र परिवर्तित हुन्छ । लेभिन्सन (सन् २०१०) का अनुसार “आलोचनात्मक सङ्कथन विश्लेषण पाठ र कुराकानीले समाजमा असमानता, अन्याय र उत्पीडनको प्रस्तुति र घोषणामा खेल्ने भूमिकाको अध्ययनमा आधारित रहेको छ ।

यसले यस्तो कसरी गरिन्छ भन्ने कुराको अध्ययनका लागि सङ्कथन विश्लेषण विधिको उपयोग गर्दछ" (पृ. २७७)। सारतः यसमा भाषावैज्ञानिक तथा आलोचनात्मक सामाजिक सिद्धान्तकारहरूका दृष्टिकोणको अनुप्रयोग गरिन्छ। शर्मा (सन् २०११) का अनुसार "सङ्कथनको दोस्रो आशय (आलोचनात्मक सामाजिक सिद्धान्तकारहरूको आशय) सामाजिक मुद्दा, वास्तविकता र विचारसँग सम्बन्धित रहेको छ। यस अभिप्रायअनुसार सङ्कथन सामाजिक परिवर्तनको परिणाम मात्र होइन साधन पनि हो" (पृ. २१२)। सङ्कथन विभिन्न विचार/आदर्शबाट निर्देशित हुन्छ र त्यसले सामाजिक र सांसारिक विषयमा परिवर्तन ल्याउँछ। आलोचनात्मक सङ्कथन विश्लेषणले भाषिक र सामाजिक विविधतालाई सामाजिक सन्दर्भको व्यापक दायराअन्तर्गत संयोजन गर्ने प्रयत्न गर्दछ। कटिङ (सन् २००८) का अनुसार "आलोचनात्मक सङ्कथन विश्लेषण एउटा वैचारिक दृष्टिकोण हो जसले सामाजिक सन्दर्भमा भाषाको लक्ष्य वा उद्देश्य परीक्षण गर्छ र सङ्कथनले शक्ति संरचनालाई कसरी देखाउँछ वा निर्धारण गर्छ भन्ने कुराको रहस्योद्घाटन गर्दछ" (पृ. ०३)।

सामाजिक राष्ट्रिय र सांसारिक सन्दर्भका कुराकानी, भाषण, घोषणा, पाठ, पत्र सम्झौता आदि जसलाई सङ्कथनका रूपमा लिइन्छ। यिनको प्रभाव शक्तिशाली हुन्छ। यिनले विश्वका विविध विषयका बारेमा मानिसमा रहेको ज्ञान र धारणामा प्रभाव पार्न सक्छन्। तसर्थ सङ्कथन र त्यसको आशयलाई सन्दर्भगत तहमा आलोचनात्मक तवरले विश्लेषण गर्नु समीचिन हुन्छ। शर्मा (सन् २०११) का अनुसार "आलोचनात्मक सङ्कथन विश्लेषण मुख्यतया विश्वव्यापी सामाजिक मुद्दामा प्रभावशाली रहेको छ। जस्तै : शक्ति, संस्कृति, लिङ्ग, शिक्षा, अर्थशास्त्र आदि। त्यसैले भाषिक गुण वा विशेषताको प्रयोग सांसारिक विषय र विचारका सामाजिक सन्दर्भमा सहजै देख्न सकिन्छ" (पृ. २१०)। उदाहरणार्थ, अन्तर्राष्ट्रिय राजनीतिमा आधारित सङ्कथन (जस्तो कि अमेरिकाका राष्ट्रपतिको भाषण) ले संसारका अन्य देशमाथि प्रभाव पार्न सक्छ/अर्थात् संसारका शक्तिशाली देशहरूका बीचको व्यापार सम्भौताले संसारका नागरिकलाई प्रभाव पार्न सक्छ। यी प्रकृतिका सङ्कथनको विश्लेषण शक्तिका आधारित हुन्छ। डिक (सन् २०११) का अनुसार कुनै समूहले अन्य समूहको कार्य र मस्तिष्कलाई नियन्त्रण गर्न सकेमा सामाजिक शक्तिलाई नियन्त्रण र पकडका रूपमा लिन सकिन्छ। वस्तुतः शक्ति मौखिक अन्तर्क्रियाबाट प्राप्त हुन्छ र त्यो परम्परागत भूमिका तथा वक्ताको सामाजिक, आर्थिक स्थिति, लिङ्ग वा जातीय पहिचानबाट निर्धारित हुन्छ। उनका अनुसार परम्परागत संवाद/कुराकानीसँग सम्बन्धित समालोनात्मक विश्लेषणका लागि केही प्रक्रियाहरू अवलम्बन गर्न सकिन्छ :

पहिलो : यो आवश्यक छ कि प्रशस्त तथ्याङ्कहरू सङ्कलन गर्नुपर्दछ। यद्यपि तथ्याङ्क सकिएको हुनु हुँदैन।

दोस्रो : सङ्कलित तथ्याङ्कलाई लिप्याङ्कन गर्ने कार्य आवश्यक हुन्छ। यसमा निश्चित आलेखन विधिलाई अपनाउनुपर्छ।

तेस्रो : प्रश्नको अनुपात र सहभागीले लिएको पालो तथा परम्परागत संवाद/कुराकानीको गतिशील क्रमको विशेषता पहिचान गर्नुपर्दछ।

चौथो : पालो ग्रहण प्रणाली, शीर्षक नियन्त्रण, प्रकरणार्थी सम्बन्ध, कोशीय छनोट, परम्परागत प्रभाव आदिका आधारमा परम्पारगत प्रभुत्व/हैकम/शासन र नियन्त्रणको व्याख्या गर्नुपर्छ।

विशेषत : कुराकानीमा रहेको शक्तिको विश्लेषण तीन तह : कोशीय व्याकरणिक, कुराकानी संरचना र विधागत संरचनामा गर्न सकिन्छ।

आलोचनात्मक सङ्कथन विश्लेषणको विकास सन् १९७० को दशकमा युरोप र अस्ट्रेलियामा भएको मानिन्छ। डिक (सन् २००१) का अनुसार "यसका केही मतहरू दोस्रो विश्वयुद्धभन्दा पहिले फ्रान्कफर्ट स्कुलका आलोचनात्मक सिद्धान्तमा फेला पारिएको थियो। यसको भाषा र सङ्कथनमा रहेको

वर्तमानको जोड आलोचनात्मक भाषाविज्ञानसँगै आरम्भ भएको मानिन्छ । यसको प्रतिच्छाया समाजभाषाविज्ञान, मनोविज्ञान र समाजशास्त्रका आलोचनात्मक विकासहरूमा पनि पाइन्छ" (पृ. ३५२) । उनका अनुसार धेरथोर आलोचनात्मक दृष्टिकोणहरू प्रकरणार्थविज्ञान, कुराकानी विश्लेषण, आख्यानात्मक विश्लेषण, अलङ्कारशास्त्र, शैलीविज्ञान, समाजशास्त्र, नृवंशशास्त्र, सञ्चार विश्लेषण तथा अन्यका बीचमा पाउन सकिन्छ । यद्यपि आलोचनात्मक सङ्कथन विश्लेषणको सैद्धान्तिक र व्यवस्थित सुरुवात नोर्मन फेयरक्लफको ल्याङ्ग्वेज एन्ड पावर (सन् १९८९) नामक ग्रन्थको प्रकाशनपश्चात् भएको मानिन्छ । उनलाई आलोचनात्मक सङ्कथन विश्लेषणका विस्तारकका रूपमा लिइन्छ । उनका अनुसार शक्तिमा आबद्ध वा वचनबद्ध दृष्टिकोणबाट पाठ वा कुराकानीको विश्लेषण गर्नु आलोचनात्मक सङ्कथन विश्लेषण हो । सङ्कथन शक्ति र राजनीतिसँग सम्बन्धित हुन्छ जसले सूक्ष्म तरिकाले विचार र विषयलाई दर्साउँछ र त्यसले समकालीन समाजलाई प्रभाव पार्दछ । सारतः आलोचनात्मक सङ्कथन विश्लेषणले पाठको राजनीतिक र शक्तिकेन्द्रित विश्लेषणको विकास गरेको छ । शर्मा (सन् २०११) का अनुसार "आलोचनात्मक सङ्कथन विश्लेषण अनुसन्धानमा ज्यादै विस्तृत विषय रहेका छन् । यसले राजैतिक भाषणहरू, चिकित्सकीय पाठ्यपुस्तकहरू विज्ञापनिक र व्यापारिक तौरतरिका वा रणनीतिहरू र आलङ्कारिक विविध स्वरूपहरूको विश्लेषणलाई समेट्दछ" (पृ. २११) ।

यसप्रकार आलोचनात्मक सङ्कथन विश्लेषण अन्य सङ्कथन विश्लेषणभन्दा भिन्न देखापर्छ । यसले सामाजिक समस्या र राजनैतिक मुद्दामा विशेषतः जोड दिन्छ । सामाजिक समस्याको आलोचनात्मक विश्लेषण प्रायः बहुशास्त्रीय हुन्छ । यसले सङ्कथन संरचनाको विश्लेषणभन्दा त्यसको सामाजिक अन्तर्क्रिया र विशेषगरी सामाजिक संरचनाको व्याख्या गर्दछ, पाठ र समाजका बीचको पारस्परिक सम्बन्ध दर्साउँदछ । साथै सङ्कथनलाई ऐतिहासिक एवम् सामाजिक कार्यका रूपमा र सङ्कथन विश्लेषण स्वरूपलाई मीमांसात्मक वा व्याख्यात्मक  प्ररूपका रूपमा उल्लेख गर्दछ । सम्प्रति आलोचनात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा धेरैजसोले फेयरक्लफकै दृष्टिकोण उपयोग गरेको पाइन्छ । यसको विकासमा फेयरक्लफपछि मिसेल फुको, रुद ओडक, एन्तोनिओ ग्राम्स्की, टेरी लक लगायतका भाषावैज्ञानिकहरूको विशिष्ट योगदान रहेको देखिन्छ ।

## निष्कर्ष

समग्रतः बहुस्वरूपात्मक सङ्कथन कथ्य-लेख्य स्वरूपका अतिरिक्त प्रयोग-व्यवहार गरिने बहुप्ररूपात्मक ढाँचा/तरिका वा व्यवहारसहितको समग्रतासँग सम्बन्धित रहेको छ । यससँगै कथ्य र लेख्य सङ्कथन प्ररूपमा कथ्य र लेख्य अभिव्यक्तिको मात्र अनुप्रयोग हुँदैन भन्ने अवधारणाको विकास भएको देखिन्छ । बहुस्वरूपात्मक सङ्कथन विश्लेषणका सन्दर्भमा कथ्य सङ्कथन विश्लेषणसम्बद्ध दृष्टिकोण र लेख्य सङ्कथन विश्लेषणसम्बद्ध गरी दुई प्रकृतिका दृष्टिकोणहरू देखापरेको पाइन्छ । वस्तुतः कथ्य सङ्कथनमा मौखिक उच्चारका अलावा विभिन्न हाउभाउ, अविचल हेराइ, मुखमुद्रा, भावभङ्गी आदिको र लेख्य सङ्कथनमा लेख्य भाषाका साथ तस्बिर, तालिका, ग्राफ आदिको समुचित प्रयोग हुने देखिन्छ । सङ्कथन विश्लेषणमा यी विविध पक्षको अध्ययन हुनुपर्ने मान्यता बहुस्वरूपात्मक सङ्कथन विश्लेषणले राखेको देखिन्छ । त्यसैगरी आलोचनात्मक सङ्कथन विश्लेषण सङ्कथनको सामाजिक-राजनैतिक व्याख्या विवेचनमा आधारित रहेको देखिन्छ । यसअनुसार सङ्कथन समाजको शक्ति र आदर्श वा विचारबाट प्रभावित हुन्छ भने समाज सङ्कथनको संरचना र विषयबाट प्रभावित र परिवर्तित हुन्छ । आलोचनात्मक सङ्कथन विश्लेषण शक्ति, संस्कृति, लिङ्ग, शिक्षा, अर्थशास्त्र आदिसम्बन्धी विश्वव्यापी सामाजिक मुद्दामा प्रभावशाली रहेको छ । यसमा तथ्याङ्कहरूको सङ्कलन, सङ्कलित तथ्याङ्कको लिप्याङ्कन, संवाद/कुराकानीको गतिशील क्रमको विशेषता पहिचान, पालो ग्रहण प्रणाली, शीर्षक नियन्त्रण, प्रकरणार्थी सम्बन्ध, कोशीय छनोट, परम्परागत प्रभाव आदिका आधारमा परम्पारगत प्रभुत्व/हैकम/शासन र नियन्त्रणको व्याख्या लगायतका प्रक्रियाहरूको अवलम्बन गरिन्छ । यसको विकास सन् १९७० को दशकमा युरोप र

अस्ट्रेलियामा भएको मानिन्छ भने यसको विकासमा फेयरक्लफपछि मिसेल फुको, रुद ओडक, एन्तोनिओ ग्राम्स्की, टेरी लक लगायतका भाषावैज्ञानिकहरूको विशिष्ट योगदान रहेको देखिन्छ ।

**सन्दर्भ सूची**

कटिङ, जे (सन् २००८), *प्राग्मेटिक्स एण्ड डिस्कोर्स,* लण्डन : राउटलेज ।

कुक, गाइ (सन् १९९६), *डिस्कोर्स,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस् ।

गी, जे. पी. (सन् २०११), *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनलाइसिस, थियरी एन्ड मेथड,* लन्डन : राउटलेज ।

जोन्स, आर. एच. (मि.न.), *डिस्कोर्स एनलाइसिस अ रिसोर्स बुक फर स्टुडेन्ट्स,* लन्डन ।

डिक, भी., टिउन, ए. (सन् १९८२), *टेक्स्ट एन्ड कन्टेक्स्ट : एक्सप्लोरेसन इन द सिमान्टिक्स एन्ड प्रग्माटिक्स अफ डिस्कोर्स,* लन्डन : लङ्गम्यान ।

नुनन, डेभिड (सन् १९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस,* लन्डन : पेन्गुइन बुक्स ।

लेभिन्सन एस. सि. (सन् २०१०), *प्रग्माटिक्स,* लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

शर्मा, विकास (२०११), *प्रग्माटिक्स एन्ड डिस्कोर्स एनलाइसिस,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

हालिडे, एम. ए. के. र हसन, आर. (सन् १९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

हालिडे, एम. ए. के. (सन् १९८६), *एन इन्ट्रोडक्सन टु फङ्सनल ग्रामर,* लन्डन : एडवार्ड आर्नोल्ड ।